annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२६, पृष्ठ ८ | काठमाडौं, बिहीबार १२ चैत २०८२ | चैत्र शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४६ | THURSDAY, MARCH 26, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## कार्की आयोगको प्रतिवेदन

# मिडियाबाट 'लिक' भएपछि सार्वजनिक गर्न सरकार बाध्य

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा भएको घटनाबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न व्यापक दबाब थियो। तर, सरकारले आनाकानी गरिरहेका बेला सञ्चारमाध्यमबाट 'लिक' भएपछि अन्ततः बुधबार साँझ प्रधानमन्त्रीले प्रतिवेदन सार्वजनिक गरेकी छन्।




**सुरेन्द्र काफ्ले / अजवी पौड्याल**
| *काठमाडौं*

समाचार पृष्ठ २

## ओलीसहित उच्च सुरक्षा अधिकारीलाई थप अनुसन्धान गर्न सिफारिस



**काठमाडौं** (अन्नपूर्ण) : जेन-जी आन्दोलनका क्रममा भएको दमनबारे छानबिन गर्न गठित आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायत ४ उच्च अधिकारीविरुद्ध ज्यानसम्बन्धी मुद्दामा अनुसन्धान गर्न सिफारिस गरेको छ।

मिडियाबाट 'लिक' भएपछि सरकारले बुधबार साँझ सार्वजनिक गरेको प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखक र प्रहरी प्रमुख चन्द्रकुबेर खापुङमाथि मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार कारबाही प्रक्रिया अघि बढाउन सिफारिस गरेको छ। यो दफामा लापरबाहीका कारण कसैको ज्यान लिन नहुने व्यवस्था छ। र, उल्लंघन भएमा ३ देखि १० वर्षसम्म कैद तथा ३० हजारदेखि १ लाख रुपैयाँसम्म जरिबाना हुन सक्ने व्यवस्था छ।

आयोगले घटनाका बेला ४ घण्टासम्म गोली चलिरहँदा पनि त्यसलाई रोक्ने प्रयास नगरेको विषयलाई गम्भीर कमजोरी मानेको छ। विशेषगरी प्रधानमन्त्रीको हैसियतमा नागरिकको सुरक्षाका लागि पहल नगर्नु गैरजिम्मेवारी भएको निष्कर्ष निकालिएको छ।

ओलीले गोली चलाउन प्रत्यक्ष आदेश नदिएको र पूर्वनियोजित हत्या नभएको देखिए पनि गोली चलेपछि त्यसलाई रोक्ने प्रयास नहुनु लापरबाही भएको आयोगको भनाइ छ। 'प्रधानमन्त्रीय संसदीय प्रणालीमा संसद् भवन परिसर बाहिर लगभग ४ घण्टा गोली चलिरहँदा पनि केहीको मृत्यु र सयौंको संख्यामा घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएको पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री (अभिभावक)को ठूलो कमजोरी हो,' प्रतिवेदनमा लेखिएको छ।

आयोगले अन्य ४ सरकारी तथा उच्च सुरक्षा अधिकारी गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी प्रमुख राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा र काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजालमाथि पनि दोस्रो तहको कारबाही सिफारिस गरेको छ।

» बाँकी पृष्ठ ६

## सिंहदरबार आगजनी गर्ने भेटिएनन् !



**काठमाडौं** (अन्नपूर्ण): भदौ २४ गते देशका विभिन्न संवेदनशील क्षेत्रमा भएको हिंसात्मक प्रदर्शन र सिंहदरबारलगायतका क्षेत्रमा भएको आगजनीका घटनामा संलग्न मुख्य दोषीहरूलाई पहिचान गर्न गौरीबहादुर कार्की आयोग असफल भएको छ।

आयोगले आफ्नो प्रतिवेदनमा ठोस प्रमाणको अभाव, छोटो कार्यादेश र सुरक्षा निकायहरूबाट प्राप्त हुनुपर्ने 'इन्टेलिजेन्स रिपोर्ट' नपाएका कारण कसैलाई पनि अभियोजनका लागि सिफारिस गर्न नसकिएको उल्लेख गरेको छ।

आयोगले सार्वजनिक गरेको प्रतिवेदनअनुसार भदौ २४ को घटनामा संलग्न व्यक्तिहरूको सम्बन्धमा निर्क्यौल गर्न अहिलेसम्मको छानबिनबाट 'ठोस सबुद प्रमाण' फेला परेको छैन। 'आयोगलाई सहयोग पुग्ने गरी कुनै पनि इन्टेलिजेन्स रिपोर्ट सरकारी वा गैरसरकारी निकायबाट हालसम्म प्राप्त हुन सकेको छैन। सीमित कार्यादेश र समय एवं जनशक्तिको अभावका कारण देशभरिका घटनाहरूको विस्तृत छानबिन गरी तत्काल कोही कसैलाई दोषी प्रमाणित गर्न आयोगले सकेन,' प्रतिवेदनमा भनिएको छ।

२४ गते सिंहदरबार, संसद् भवन, राष्ट्रपति कार्यालयलगायतका सरकारी संस्थामा आगजनी र लुटपाट भएको थियो। दोषी नै किटान गर्न नसके पनि आयोगले वैज्ञानिक अनुसन्धानको पाटोलाई भने पछ्याएको देखिएको छ। घटनाको दिन संघीय संसद् भवन, सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत र निजी व्यापारिक प्रतिष्ठान वरपर उपस्थित व्यक्तिहरूको पहिचान गर्न टेलिफोन टावरको बीटीएस डाटा अध्ययन गरिएको उल्लेख छ।

आयोगले नेपाल टेलिकम र एनसेलबाट प्राप्त गरेको तथ्यांकको अध्ययन गरी त्यस समयमा ती संवेदनशील स्थानमा उपस्थित रहेका टेलिफोन नम्बरहरू प्रतिवेदनमा समावेश गरेको छ। आयोगको सुझाव छ- 'अब सरकारले विशेषज्ञसहितको अनुसन्धान टोली गठन गरी ती नम्बरहरूलाई सीसीटिभी फुटेज, सामाजिक सञ्जालका दृश्य र पीडितहरूले खिचेका भिडियोहरूसँग भिडाइ दोषीसम्म पुग्नुपर्ने देखिन्छ।'

» बाँकी पृष्ठ ६

